# अर्थ बुलेटिन

वर्ष ४ अंक ९ चैत, २०७९

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७९/८० को चैतसम्म संघीय सरकारी खर्च १८.७ प्रतिशतले वृद्धि भएको छ। मूलतः भन्सार विन्दुमा सङ्कलन हुने राजस्व कम हुँदा कुल राजस्व परिचालन १३.४ प्रतिशतले कमी आएको छ।
- पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र आपूर्ति श्रृङ्खलामा सिर्जना भएको अवरोधका कारण मूल्यमा रहेको चाप अझै कायम रहेको छ।
- वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ।
- कुल वस्तु निर्यात र आयातमा कमी आएको छ। आयातमा कमी आएको कारण व्यापार घाटामा सुधार भएको छ।
- वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या बढेसँगै विप्रेषण आप्रवाहमा समेत वृद्धि भएको छ। चालु खाता घाटामा सुधार भएको छ भने र शोधनान्तर स्थिति बचतमा छ। विदेशी मुद्रा सञ्चितिमा वृद्धि भएको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरुमा सुधार हुँदै गएको छ भने राजस्व परिचालनमा दबाब सिर्जना भएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७९/८० को चैत महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ६ खर्व ९० अर्ब २८ करोडको तुलनामा १८.७ प्रतिशतले वृद्धि भई रु. ९ खर्व ४३ अर्ब ५ करोड पुगेको छ। कुल खर्चमध्ये चालु खर्च ७४.९ प्रतिशत, पूँजीगत खर्च ११.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १३.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ७८.७ प्रतिशत, १३.१ प्रतिशत र ८.२ प्रतिशत रहेको थियो। यस अवधिको चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फको खर्चमा क्रमशः १३.० प्रतिशत, ३.३ प्रतिशत र ९६.६ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको चैतसम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| चालु | ४६६०९.१३ | ४९५४३.०६ | ५२६९६.८० | ६२५५८.८९ | ७०६७६.५९ |
| पूँजीगत | १०९४८.७९ | १०५५९.२० | १०५७२.६८ | १०३७९.११ | १०७२४.३४ |
| वित्तीय व्यवस्था | ४६४४.२२ | ७४७८.४८ | ५७५८.८५ | ६४९६.५६ | १२९०४.२३ |
| कुल खर्च | ६२२०२.१४ | ६७५८०.७४ | ६९०२८.३३ | ७९४३४.५६ | ९४३०५.१६ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको नौ महिनासम्मको कुल संघीय सरकारी खर्चमध्ये चैत महिनामा सबैभन्दा बढी १७.४ प्रतिशत रहेको छ भने साउन महिनामा सबैभन्दा कम क्रमशः २.४ प्रतिशत रहेको छ ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ५६५.७२ | १४८.४६ | १५११.६९ | २२२५.८८ | ०.०२४ |
| भदौ | १०३०७.४१ | ४३७.५९ | ४६३.०६ | ११२०८.०५ | ०.११९ |
| असोज | ११५०२.१४ | १३८२.०६ | १४९८.५० | १४३८३.०६ | ०.१५३ |
| कात्तिक | ५७६३.३४ | ६६१.५० | ८५७.२६ | ७२८१.७४ | ०.०७७ |
| मङ्सिर | ७२८७.०८ | ७६९.५५ | ३६५.७५ | ८४२२.९६ | ०.०८९ |
| पुष | १००८७.०१ | १९४६.३६ | २०८०.२८ | १४११३.०७ | ०.१५० |
| माघ | ७६३७.४० | १२८४.३२ | २०९.२६ | ९१३०.९८ | ०.०९७ |
| फागुन | ७७३४.३५ | १७९५.७६ | १६२७.१६ | १११५७.२७ | ०.११८ |
| चैत | ९७९२.१४ | २२९८.७४ | ४२९१.२७ | १६३८२.१५ | ०.१७४ |
| जम्मा | ७०६७६.५९ | १०७२४.३४ | १२९०४.२३ | ९४३०५.१६ | १.००० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७९/८० को चैतसम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको

अवधिको कुल राजस्व रु. ७ खर्ब ८९ अर्ब २६ करोडको तुलनामा १३.४ प्रतिशतले न्यून भई रु. ६ खर्ब ८३ अर्ब ८० करोड रहेको छ। कुल राजस्वमा कर राजस्व ९०.१ प्रतिशत र गैर कर राजस्व ९.९ प्रतिशत रहेको छ। यस अवधिमा मूलतः भन्सार महशुल, आयात तर्फको अन्तः शुल्क र मूल्य अभिवृद्धिमा आएको उच्च गिरावटका कारण समग्र राजस्व असूली कम भएको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ७ खर्ब १९ अर्ब ६७ करोड सङ्कलन भएको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर | ५२९५२.३३ | ५३९५३.७४ | ६३६६९.७५ | ७२७७८.८० | ६१६११.८२ |
| गैरकर | ५९४०.१६ | ५१०९.७७ | ४७१७.२७ | ६१४७.२४ | ६७६८.७४ |
| **कुल राजस्व** | **५८८९२.४९** | **५९०६३.५१** | **६८३८७.०२** | **७८९२६.०४** | **६८३८०.५६** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको चैतसम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**


| कर शीर्षक | आ.व. २०७८/७९ को असुली | आ.व. २०७९/८० वार्षिक लक्ष्य रू करोडमा | आ.व. २०७९/८० को असूली | चैतसम्मको लक्ष्य | लक्ष्यको तुलनामा असूली (प्रतिशतमा) | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **१८६५०.९१** | **३३०५६.८०** | **१३०६१.१५** | **२४७३९.०८** | **५२.८** | **-३०.०** |
| **मूल्य अभिवृद्धि कर** | **२३२१२.८९** | **३९८४६.७९** | **२०२१६.०८** | **२८०२९.९८** | **७२.१** | **-१२.९** |
| उत्पादन, बिक्री, सेवा | ८०८४.३५ | १४०२०.४१ | ७८९१.४२ | ९५२४.८६ | ८२.९ | -२.४ |
| पैठारी | १५१२८.५४ | २५८२६.३८ | १२३२४.६६ | १८५०५.१२ | ६६.६ | -१८.५ |
| **अन्तःशुल्क** | **१२१४१.८५** | **२१७२८.२७** | **१०३०७.१३** | **१५२६९.८१** | **६७.५** | **-१५.१** |
| आन्तरिक उत्पादन | ७६१२.२७ | १३७३५.२६ | ७९६६.२८ | ९४९०.०८ | ८३.९ | ४.७ |
| पैठारी | ४५२९.५८ | ७९९३.०१ | २३४०.८४ | ५७७९.७२ | ४०.५ | -४८.३ |
| **शिक्षा सेवा शुल्क** | **६२.६९** | **१४७.८०** | **१२६.८१** | **११४.१९** | **१११.१** | **१०२.३** |
| **आयकर** | **१८७१०.४६** | **३४७५७.९२** | **१७९००.६५** | **२४६३७.५७** | **७२.७** | **-४.३** |
| आयकर | १६९५४.२२ | ३०७८२.९३ | १५३७९.३९ | २१६६१.३२ | ७१.० | -९.३ |
| ब्याज कर | १७५६.२५ | ३९७४.९९ | २५२१.२६ | २९७६.२५ | ८४.७ | ४३.६ |
| **कर राजस्व जम्मा** | **७२७७८.८०** | **१२९५३७.५८** | **६१६११.८२** | **९२७९०.६३** | **६६.४** | **-१५.३** |
| **गैर कर जम्मा** | **६१४७.२३** | **१०७७७.१२** | **६७६८.७४** | **७००५.४९** | **९६.६** | **१०.१** |
| **कूल राजस्व जम्मा** | **७८९२६.०३** | **१४०३१४.७०** | **६८३८०.५६** | **९९७९६.१२** | **६८.५** | **-१३.४** |
| **अन्य प्राप्ति** | **३८६१.५३** | **0.00** | **३५८६.६४** | **0.00** | **-** | **-७.१** |
| **जम्मा राजस्व/प्राप्ति** | **८२७८७.५६** | **१४०३१४.७०** | **७१९६७.२०** | **९९७९६.१२** | **७२.१** | **-१३.१** |


स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको चैतसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा शिक्षा सेवा शुल्क, आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क, ब्याजकर र गैरकर सङ्कलनमा वृद्धि भएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर सङ्कलनमा कमी आएको छ।

५. चालु आर्थिक वर्षको चैतसम्ममा वार्षिक राजस्व लक्ष्यको ४८.७ प्रतिशत सङ्कलन भएको छ भने चैतसम्मको लक्ष्यको ६८.५ प्रतिशत राजस्व सङ्कलन भएको छ।

**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको चैतसम्मको सङ्कलित राजस्वको संरचना**





स्रोतः अर्थ मन्त्रालय।

६. चालु आर्थिक वर्षको पहिलो नौ महिनासम्मको कुल राजस्वमा गत वर्षको सोही अवधिको तुलनामा भन्सार महशुल र अन्तशुल्कको हिस्सा घटेको छ भने अन्य शीर्षकका करको हिस्सा बढेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको चैतसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

७. विगत पाँच आर्थिक वर्षको राजस्व सङ्कलनको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ को पहिलो नौ महिनामा राजस्व वृद्धिदर केही न्यून रहेको थियो। अन्य आर्थिक वर्षको चैतसम्मको राजस्व वृद्धिदर सन्तोषजनक रहेतापनि चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म आयात नियमनका लागि चालिएका कदमबाट भन्सार विन्दुमा सङ्कलन हुने राजस्वमा कमी आउँदा समग्र राजस्व सङ्कलनमा समेत कमी आएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो नौ महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ९६ अर्ब ७८ करोडको तुलनामा १४.० प्रतिशतले कमी आई रू. ५ खर्ब ९९ अर्ब २६ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ९२ अर्ब ४७ करोडको तुलनामा ८.६ प्रतिशतले कमी आई रू. ८४ अर्ब ५५ करोड रहेको छ।

## करको दायरा विस्तार

९. २०७९ चैतसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५४ लाख ६ हजार ७ सय १३ रहेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता ३५ लाख ४ हजार ६ सय ७७ (६४.८ प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १८ लाख ७६ हजार ५ सय ५० (३४.७ प्रतिशत) र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर २५ हजार ४ सय ८६ (०.५ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ९ हजार ८ सय ६१ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २० हजार ९ सय ८२ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७९ असारसम्म | आ.व. २०७८/७९ को चैतसम्ममा थप | आ.व. २०७९/८० को चैतसम्ममा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १७६२४१३ | १८६८४१ | ११४१३७ | १८७६५५० |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३०५०३०४ | ४४४,२२१ | ४५४३७३ | ३५०४६७७ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | १८०९४ | ५७९३ | ७३९२ | २५४८६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४८३०८११** | **६३६,८५५** | **५७५९०२** | **५४०६७१३** |
| मू.अ.कर | २९१६३१ | २५८६९ | १८२३० | ३०९८६१ |
| अन्तः शुल्क | ११२२३१ | १३२३८ | ८७५१ | १२०९८२ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७९/८० को पहिलो नौ महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा २०.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५१ अर्ब ५२ करोड पुगेको छ। यसमध्ये अनुदान सहायता रु. ३७ अर्ब ५२ करोड (२४.८ प्रतिशत) र ऋण सहायता रु. १ खर्ब १४ अर्ब (७५.२ प्रतिशत) रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रकम रु. १ खर्ब २६ अर्ब ७ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये द्वि-पक्षीय सहायता २९.२ प्रतिशत र बहुपक्षीय सहायता ७०.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सहायता क्रमशः १२.७ प्रतिशत र ८७.३ प्रतिशत रहेको थियो।

१२. कुल प्रतिबद्धतामध्ये विश्व बैंक, एशियाली विकास बैंक, युके र जाइकाबाट क्रमशः ४३.२ प्रतिशत, २५.३ प्रतिशत १३.० प्रतिशत र १०.९ प्रतिशत प्राप्त भएको छ। अन्य दाताबाट प्राप्त सहायता प्रतिवद्धताको हिस्सा ७.६ प्रतिशत रहेको छ।

**तालिका (च): आर्थिक वर्ष २०७९/८० को नौ महिनासम्मको वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था (रू. करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|
| शिक्षा | ६४५ | २६५१ | ३२९६ |
| सडक | १४४० | ३४९६ | ४९३६ |
| सूचना प्रविधि | १०० | १७७९ | १८७९ |
| ऊर्जा | ० | १४२० | १४२० |
| वातावरण | ० | १२७५ | १२७५ |
| कृषि | २४७ | ७७९ | १०२६ |
| शान्ति सुरक्षा | ५२६ | ० | ५२६ |

| क्षेत्र | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|
| महिला सशक्तिकरण | ३५७ | ० | ३५७ |
| सिँचाई | २०० | ० | २०० |
| खानेपानी तथा सरसफाई | १३७ | ० | १३७ |
| रोजगारी सिर्जना | १०० | ० | १०० |
| **कुल जम्मा** | **३७५२** | **११४००** | **१५१५२** |

स्रोतः अर्थ मन्त्रालय

१३. वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी सडक क्षेत्रमा ३२.६ प्रतिशत र सबैभन्दा कम रोजगारी सिर्जना क्षेत्रमा ०.७ प्रतिशत प्राप्त भएको छ।

१४. चालु आर्थिक वर्षको चैतसम्म संघीय सरकारले रु. १ खर्ब १२ अर्ब २० करोड आन्तरिक ऋण र रु.७० अर्ब ३८ करोड बाह्य ऋण गरी कुल रु. १ खर्ब ८२ अर्ब ५८ करोड ऋण प्राप्त गरेको छ। यस अवधिमा रु. १ खर्ब २ अर्ब ५१ करोड सावाँ, ४२ अर्ब ९३ करोड ब्याज र ६ करोड ८५ लाख कमिशन गरी कुल रु १ खर्ब ४५ अर्ब ५१ करोड आन्तरिक ऋण भुक्तानी गरेको छ भने रु. २१ अर्ब ७१ करोड सावाँ र ६ अर्ब २७ करोड ब्याज गरी कुल रु. २७ अर्ब ९८ करोड बाह्य ऋण भुक्तानी गरेको छ।

१५. २०७९ चैतसम्म संघीय सरकारले रु. ४ अर्ब ८० करोड २० लाख वैदेशिक अनुदान प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१६. आर्थिक वर्ष २०७९/८० को चैत महिनासम्म वार्षिक विन्दुगत आधारमा निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदर क्रमशः ११.० प्रतिशत र ३.२ प्रतिशतले वृद्धि भएको छ।

१७. २०७९ चैतसम्म बझाङको साइपाल गाउँपालिका बाहेक अन्य ७५२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७८ को सोही अवधिमा ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१८. २०७८ चैत मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२७ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७९ चैत मसान्तमा ११९ कायम भएको छ। साथै, २०७८ चैत मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११ हजार ३ सय ९८ रहेकोमा २०७९ चैत मसान्तमा यस्तो सङ्ख्या ११ हजार ६ सय ४३ पुगेको छ।

## बीमा क्षेत्र

१९. २०७९ चैत महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.९ प्रतिशतले वृद्धि भई १ करोड ६३ लाख ३२ हजार ३ सय २६ पुगेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८६.७ प्रतिशत र १३.३ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८४.४ प्रतिशत र १५.६ प्रतिशत रहेको थियो।

२०. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.९ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ३२ अर्ब ४४ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. १ खर्ब ३१ अर्ब २४ करोड रहेको थियो।

२१. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमातर्फको हिस्सा क्रमशः ७७.३ प्रतिशत र २२.७ प्रतिशत रहेको छ। गत वर्षको चैत महिनासम्म उक्त हिस्सा क्रमशः ७८.१ प्रतिशत र २१.९ प्रतिशत रहेको थियो।

२२. चालु आर्थिक वर्षको चैत महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत बीमाको दायरामा आएको जनसङ्ख्या ४४.६ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ३७.४ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२३. २०७८ चैत मसान्तमा २४१५.२५ विन्दुमा रहेको नेप्से सूचकांक २०७९ चैत मसान्तमा १९३४.४८ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरणमा १७.९ प्रतिशतले कमी आई रु. २८ खर्ब १३ अर्ब ५५ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो ८.९ प्रतिशतले कमी आई रकम रु. ३७ खर्ब ५८ अर्ब ९७ करोड रहेको थियो।


चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको चैत मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२४. २०७९ चैत महिनाको १ गते १९३८.६३ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतारचढावका बीच महिनाको अन्तिम कारोवार भएको दिन चैत ३० गते १९३४.४८ विन्दु कायम भएको छ। एक महिनाको अवधिमा नेप्से सूचकाङ्क चैत २८ गते सबैभन्दा बढी १९६३.५५ विन्दु पुगेको थियो भने चैत २६ गते सबैभन्दा कम १८३८.४९ विन्दु कायम भएको थियो।

चार्ट (घ): २०७९ चैत महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२५. २०७९ चैत मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ७.३ प्रतिशत रहेको थियो।

२६. २०७९ चैत महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.९ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त समूहको मुद्रास्फीति क्रमशः ७.४ प्रतिशत र ७.२ प्रतिशत रहेको थियो ।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२७. आर्थिक वर्ष २०७९/८० को पहिलो नौ महिनासम्म कुल वस्तु निर्यातमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २६.३ प्रतिशतले कमी आई रु. १ खर्ब १८ अर्ब २८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १ खर्ब ६० अर्ब ५७

करोड रहेको थियो। यस अवधिमा फलामे पाता, अलैंची, ऊनी गलैंचा, फलफूलको जुस लगायतका वस्तुको निर्यात वृद्धि भएको छ भने भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न लगायतका वस्तुको निर्यात भने घटेको छ।

२८. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ७०.२ प्रतिशत, ०.५ प्रतिशत र २९.३ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७९.६ प्रतिशत, ०.४ प्रतिशत र २०.० प्रतिशत रहेको थियो।

२९. यस अवधिमा भारततर्फ भएको निर्यातमा क्रमशः ३५.१ प्रतिशतले कमी आएको छ भने चीनतर्फको निर्यातमा २.२ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको चैतसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्रशोधित पाम तेल | ३६३८.५६ | १७२९.७९ | -५२.५ |
| सेन्थेटिक यार्न | ९३२.२ | ८७७.२४ | -५.९ |
| उनी गलैंचा कार्पेट | ६८९.०४ | ८४७.५६ | २३.० |
| भटमासको तेल प्रशोधित | ४३३०.८२ | ८४३.२३ | -८०.५ |
| अलैची | ३८५.२६ | ६३५.७८ | ६५.० |
| तयारी कपडा | ५२७.१९ | ५८४.१६ | १०.८ |
| फलामे पाता | ११६.५२ | ४९१.३८ | ३२१.७ |
| फलफुलको जुस | ४०४.५२ | ४५८.३९ | १३.३ |
| जुटका बुनिएका कपडा | ४८९.८९ | ३७२.९८ | -२३.९ |
| जमोठ कपडा | ३६४.६९ | ३६२.१९ | -०.७ |
| अन्य | ४१७८.४५ | ४६२५.२७ | १०.७ |
| **कुल** | **१६,०५७.१४** | **११,८२७.९७** | **-२६.३** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३०. आर्थिक वर्ष २०७९/८० को चैतसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.१ प्रतिशतले कमी आई रु. १२ खर्ब १ अर्ब ५१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. १४ खर्ब ६६ अर्ब ६६ करोड रहेको थियो।

३१. चालु आर्थिक वर्षको चैत महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा शुद्ध फलाम, सुन, डिजेल र पेट्रोल लगायतका वस्तुको आयात बढेको छ भने मोबाइल टेलिफोन, भटमासको कच्चा तेल, कच्चा पाम तेल, तयारी कपडा, भटमासको कच्चा तेल लगायतका वस्तुको आयात घटेको छ।

३२. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६२.७ प्रतिशत, १३.५ प्रतिशत र २३.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६१.५ प्रतिशत, १४.४ प्रतिशत र २४.१ प्रतिशत रहेको थियो।

३३. यस अवधिमा भारत र चीन तर्फको आयातमा क्रमशः १६.४ प्रतिशत र २३.० प्रतिशतले कमी आएको छ।

**तालिका (झ) : पछिल्लो दुई आर्थिक वर्षको चैतसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**


| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १०५९७.५४ | ११२४०.८३ | ६.१ |
| पेट्रोल | ४७२३.९८ | ४९७४.७२ | ५.३ |
| एल पि ग्यास | ४५३४.३४ | ४४८४.९८ | -१.१ |
| सुन | ३३६२.४४ | ३७३०.७३ | ११.० |
| शुद्ध फलाम | १७२५.१३ | ३०६३.७१ | ७७.६ |
| भटमासको तेल कच्चा | ४५५८.१९ | ३०००.४७ | -३४.२ |
| कच्चा पाम तेल | ३२०४.७९ | २२०४.३१ | -३१.२ |
| मोवाइल टेलिफोन | ३४९७.९८ | २०५१.४ | -४१.४ |
| तयारी कपडा | २७३१.८१ | १९४२.१७ | -२८.९ |
| अन्य कोइला | २८५४.३५ | १९३३.९३ | -३२.२ |
| अन्य | १०४८७५.७० | ८१५२३.७३ | -२२.३ |
| **कुल** | **१४६,६६६.२५** | **१२०,१५०.९८** | **-१८.१** |

स्रोतः भन्सार विभाग ।

### व्यापार सन्तुलन

३४. आर्थिक वर्ष २०७९/८० को चैतसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २८.५ प्रतिशतले सुधार भई रु. १० खर्ब ८३ अर्ब २३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. १३ खर्ब ६ अर्ब ९ करोड थियो।


चार्ट (ङ):पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)




स्रोतः भन्सार विभाग

३५. विगत पाँच आर्थिक वर्षको चैतसम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७९/८० मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो सात महिनासम्म कुल वस्तु निर्यातमा भएको संकुचनको दर कुल वस्तु आयातमा भएको संकुचन भन्दा बढी भए तापनि व्यापारमा निर्यात व्यापारको हिस्सा कम र आयातको हिस्सा उच्च भएकोले आयातमा गिरावट आउँदा व्यापार घाटामा सुधार भएको हो।

चार्ट (च): पछिल्लो ५ वर्षको चैतसम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३६. चालु आर्थिक वर्षको चैतसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः १०.१ प्रतिशत र ८९.९ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३७. आर्थिक वर्ष २०७९/८० को नौ महिनासम्मको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रु. ८५ अर्ब ७९ करोडको तुलनामा ५३.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३१ अर्ब ७७ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. १ खर्ब ६५ अर्ब ७ करोडमा १३.९ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ८८ अर्ब ३ करोड पुगेको छ।

३८. आर्थिक वर्ष २०७९/८० को चैतसम्म खुद सेवा आय रू. ५६ अर्ब २६ करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ७९ अर्ब २८ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३९. आर्थिक वर्ष २०७९/८० को चैत महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ७ खर्ब २७ अर्ब ४८ करोडको तुलनामा २४.२ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ३ अर्ब ३९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह ०.२ प्रतिशतले कमी भएको थियो।

४०. चालु आर्थिक वर्षको चैत महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५१.५ प्रतिशतले वृद्धि भई ३ लाख ८७ हजार ८ सय ३९ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या करिब २ लाख ५६ हजार रहेको थियो।

४१. यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या अघिल्लो आर्थिक वर्षको चैतको तुलनामा ५.५ प्रतिशतले वृद्धि भई २ लाख १७ हजार ९ सय ५९ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को चैतसम्म पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २ लाख ६ हजार ६ सय २९ रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४२. आर्थिक वर्ष २०७९/८० को चैत महिनासम्ममा चालु खाता रु. ५१ अर्ब ८२ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ५ खर्ब १० अर्ब ५८ करोडले घाटामा रहेको थियो। त्यसैगरी, यस अवधिमा शोधनान्तर स्थिति रु. १ खर्ब ८० अर्ब १७ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २ खर्ब ६८ अर्ब २६ करोडले करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४३. आर्थिक वर्ष २०७९/८० को चैत महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. ११ खर्ब ६७ अर्ब ९२ करोडको तुलनामा २२.८ प्रतिशतले वृद्धि भई रू. १४ खर्ब ३३ अर्ब ७३ करोड कायम भएको छ। आर्थिक वर्ष २०७९/८० को चैत महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ११.० महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर


४४. २०७९ असार मसान्तको तुलनामा २०७९ चैत मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.६९ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३१.०३ पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु. १२७.५१ रहेको थियो ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४५. आर्थिक वर्ष २०७८/७९ को चैत महिनासम्म थप दर्ता भएका कम्पनीको संख्या २४ हजार ५ सय ४४ रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तमा यस्तो सङ्ख्या २९.७ प्रतिशतले कमी आई १७ हजार २ सय ६१ रहेको छ।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो नौ महिनासम्मको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोत: कम्पनी रजिष्ट्रारको कार्यालय।

### पर्यटक आगमन

४६. सन् २०२३ को अप्रिलसम्म नेपाल आउने पर्यटकको सङ्ख्या ९७.७ प्रतिशतले वृद्धि भई ३ लाख २६ हजार ५ सय २८ पुगेको छ। गत वर्षमा यस्तो सङ्ख्या १ लाख ४० हजार ३ सय ३६ रहेको थियो।

४७. सन् २०२३ को अप्रिलसम्ममा भ्रमण आयमा समेत ९४.३ प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब १७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु. २२ अर्ब ७३ करोड प्राप्त भएको थियो।